# 'सुरक्षा संगठन कतिको अब्बल छ भन्ने कुरा त्यहाँ कार्यरत कर्मचारी समयसापेक्ष पेशागत तालिमले सु-सज्जित छन् या छैनन् भन्ने कुराले निर्धारण गर्दछ'-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

## सुरक्षा समन्वय बैठक सम्पन्न



माननीय गृहमन्त्री ओमप्रकाश अर्यालको प्रमुख आतिथ्यमा कार्तिक ११ गते नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीमा सुरक्षा समन्वय बैठक सम्पन्न भएको छ। बैठकमा हाल मधेस प्रदेशको शान्ति सुरक्षा, सुशासन, सेवा प्रवाह र निर्वाचनको तयारी सम्बन्धमा छलफल भएको थियो।

कार्यक्रममा माननीय गृहमन्त्री ओमप्रकाश अर्यालले अब चुनावमा लक्षित भई अगाडि बढ्नुपर्ने बताउनुभयो। उहाँले जेनजी पुस्ताले उठाएका माग र आन्दोलन पश्चात् नागरिकस्तरमा उठेका आवाजलाई सम्बोधन गर्नेगरी गठन भएको यो सरकारको पहिलो प्राथमिकता शान्ति सुरक्षा र सेवा प्रवाहलाई सामान्यीकरण गर्ने तथा फागुन २१ गते स्वच्छ, निष्पक्ष निर्वाचन सम्पन्न गर्ने र सुशासन प्रवर्द्धन गर्ने रहेको बताउनुभयो।

उहाँले सरकारको प्राइमरी एजेन्डा निर्वाचन भएकाले जनताले अनुभूति गर्नेगरी शान्ति सुरक्षालाई थप सुदृढ तुल्याई अघि बढ्ने र केन्द्रबाट हुने नीतिगत, कानुनी दायित्व र जिम्मेवारीलाई समयमै गर्ने तथा यसका लागि निर्वाचन कानुन, कानुन संशोधन, आवश्यक स्रोतसाधनको व्यवस्थापन तथा सरोकारवालाहरूसँग छलफल गर्ने काम भइरहेको बताउनुभयो।

उहाँले प्रदेशस्तर र जिल्लास्तरमा शान्ति सुरक्षा, अपराध नियन्त्रणलगायतका विषयहरूमा सही सूचना संकलन, विश्लेषण गर्ने र आवश्यकताअनुसार जोखिमका आधारमा समयमै सम्बन्धित निकायमा सम्प्रेषित गर्नुकासाथै सुरक्षा निकायहरूबीच आपसी समन्वय गरी संयुक्त गस्ती तथा पट्रोलिङ गरी जनतामा सुरक्षाको अनुभूति दिलाउने काममा लाग्ने विश्वास व्यक्त गर्नुभयो।

'हामीले गर्ने अनुसन्धानहरू निष्पक्ष र तथ्यमा आधारित हुनुपर्दछ, राजस्व चुहावट नियन्त्रण, अपराध नियन्त्रण जस्ता विषयलाई गम्भीरतापूर्वक हेर्नुपर्नेछ र आगामी दिनमा हामी सबैले कार्यसम्पादनलाई तथ्यमा आधारित भएर हेर्ने र मूल्यांकन गर्ने गरी काम गर्नुपर्छ' गृहमन्त्री अर्यालले भन्नुभयो। सो कार्यक्रममा सर्लाही, सिराहा, धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारीहरूलगायत जिल्लास्थित सुरक्षा प्रमुखहरूले समेत जिल्लामा भएगरेका गतिविधिहरूका बारेमा प्रस्तुत गर्नुभएको थियो।



**नवनियुक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई गृह मन्त्रालयमा शुभकामना तथा बधाई र अवकाशप्राप्त प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङलाई बिदाई गर्नुहुँदै निमित्त संगठन प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल।**



**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरबाट सशस्त्र प्रहरी बल नेपालका इकाईहरुको निरीक्षण भ्रमण तथा निर्देशन।**



**पर्वतीय उद्धार तालिम शिक्षालय मनाङमा संचालित सि.सं. १ उच्च भू-भाग खोज तथा उद्धार तालिम (उन्नत) का ३२ जना प्रशिक्षार्थीहरु र २ जना गाइडद्वारा सप्रनाउ जोगेन्द्र के.सी., सप्रनि विजयराज थापा क्षेत्री तथा सप्रनि प्रशान्त कंडेलको नेतृत्वमा दामोदर हिमश्रृंखलामा पर्ने चुलु फार ईस्ट हिमाल (६ हजार २८ मिटर) को सफलतापूर्वक आरोहण।**

## 'एपीएफ नेपाल ईन्स्टिच्यूट अफ हेल्थ साईन्सेस'को उद्घाटन

स्वास्थ्य उपचारको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित नेपाल एपीएफ अस्पताल बलम्बुमा 'एपीएफ नेपाल इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस' को उद्घाटन गरिएको छ। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले कार्तिक १८ गते उद्घाटन गर्नुहुँदै नर्सिङ कोर्षको सुरुवातले सशस्त्र प्रहरी बल नेपालको स्वास्थ्य सेवा र शैक्षिक क्षेत्रमा नयाँ आयाम थप्नुकासाथै दक्ष जनशक्ति उत्पादन गर्न सक्ने प्रतिबद्धतामा थप सुदृढीकरण हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले यस प्रवीणता प्रमाणपत्र तह नर्सिङ कोर्षले स्वास्थ्य सेवा क्षेत्रमा योग्य, दक्ष र समर्पित नर्सहरू उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुहुँदै नर्सिङ पेसा स्वास्थ्य सेवा क्षेत्रको मेरुदण्डको रूपमा



रहेको तथा स्वास्थ्यकर्मीहरूलाई आधुनिक, विशेषज्ञ, व्यावसायिक सीप प्रदान गर्नुकासाथै मानवीय सेवाप्रति समर्पित बनाउन थप मद्दत पुग्ने उल्लेख गर्नुभयो।

महानिरीक्षक अर्यालले बहालवाला तथा अवकाशप्राप्त कर्मचारी, उनीहरूका परिवारजन साथै सर्वसाधारण जनताको स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा सम्बोधन गर्नका निम्ति सक्षम जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुहुँदै कोर्षले नर्सिङ क्षेत्रमा नवप्रवर्द्धन, व्यावसायिक, नैतिक तथा संस्कृति विकास गर्न प्रेरित गर्दै स्वास्थ्य सेवालाई अन्तर्राष्ट्रिय मापदण्डस्तरको बनाउनसमेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सशस्त्र प्रहरी बल नेपाल सधैं देश र जनताको सुरक्षा र सामूहिक स्थायित्वमा दृढ संरक्षक रहँदै आएको तथा यस्ता जिम्मेवारीसँगै संगठनमा आबद्ध चिकित्सक, नर्स र प्राविधिक कर्मचारीहरूले विपद् व्यवस्थापनदेखि विशेषज्ञ सेवासम्म खटिएर आमनागरिकको सेवा र सुरक्षामा सदैव प्रतिबद्ध रहँदै आएको बताउनुभयो।

महानिरीक्षक अर्यालले स्वास्थ्य र शैक्षिक क्षेत्रसँग सम्बन्धित विषयलाई सधैं प्राथमिकतामा राखेर अघि बढ्ने उल्लेख गर्नुहुँदै यस्ता कार्यहरूको क्षमता विस्तार, स्रोतसाधनको व्यवस्थापन र समन्वयकारी भूमिका संगठनले सदैव उच्च प्राथमिकतामा राखेको तथा भविष्यमा Health Assistant (HA), Certificate in Medical Laboratory Technology (CMLT), Diploma in Pharmacy, Certificate in Physiotherapy, Radiography र मेडिकल कलेजसमेत सञ्चालन गरी नेपाल एपीएफ अस्पताललाई पूर्ण स्वास्थ्य विज्ञान शिक्षालयको रूपमा विकसित गर्ने दीर्घकालीन योजनासमेत रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल एपीएफ अस्पतालका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक डा.रूपक महर्जनले धन्यवादको क्रममा स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ स्थापना गरिएको एपीएफ नेपाल इन्स्टिच्यूट अफ हेल्थ साइन्सेसले आगामी दिनहरूमा थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने बताउनुभयो। त्यस्तै सो कार्यक्रममा इन्स्टिच्यूटका प्रमुख सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक डा. महेन्द्रराज श्रेष्ठले गुणस्तरीय स्वास्थ्य शिक्षा प्रदान गरी दक्ष नर्स, स्वास्थ्यकर्मी र प्राविधिक जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ इन्स्टिच्यूटको स्थापना गरिएको बताउनुभयो।

सशस्त्र प्रहरी बल नेपाल कल्याणकारी सेवा केन्द्रबाट सञ्चालन गरिएको यस इन्स्टिच्यूटको २०८२ साल बैशाख २६ गते प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट आशयपत्र प्राप्त भएपश्चात् औपचारिक रूपमा कार्य सञ्चालन गरिएको थियो। CTEVT बाट २०८२ साल साउन ७ गते सम्बन्धनपत्र प्राप्त भई यसै शैक्षिक सत्रदेखि प्रवीणता प्रमाणपत्र तह नर्सिङ सुरु गरिएको इन्स्टिच्यूट अफ हेल्थ साइन्सेसमा ४० जना विद्यार्थीको सिट रहेको उक्त शैक्षिक कार्यक्रम ३ वर्ष अवधिको रहेको छ।

इन्स्टिच्यूटमा हालसम्म सशुल्कतर्फ ३६ जना र छात्रवृत्तितर्फ ३ जना गरी ३९ जना विद्यार्थी भर्ना प्रक्रिया पूरा भई अध्ययन कार्य सुरु भएको छ भने १ जना छात्रवृत्तितर्फको भर्ना हुने प्रक्रियामा रहेको छ। जसमध्ये बहालवाला, अवकाशप्राप्त तथा अमर सशस्त्र प्रहरी कर्मचारीका सन्तति ८ जना र १ जना चन्द्रागिरी नगरपालिकाका स्थानीय बासिन्दालाई प्रदान गरिएको हो। जसमध्ये वर्गीकृत ३ र जेहेन्दार १ गरी ४ जनालाई पूर्ण निःशुल्क छात्रवृत्ति प्रदान गरिएको छ।

## स्वास्थ्य शिविर

मुस्ताङ भ्रमणमा रहेका आन्तरिक पर्यटकहरुको लागि सशस्त्र प्रहरी बल, नेपालले स्वास्थ्य परीक्षण र औषधी वितरण गरेको छ। कार्तिक १२ गतेदेखि त्यसक्षेत्रमा पर्यटकहरुको अक्सिजन लेभल र रक्तचाप परीक्षण गर्नुकासाथै आवश्यक औषधी वितरण गरिएको हो। नं. ३३ गुल्म मुस्ताङले कार्तिक १२ गते बिहानदेखि नै स्वास्थ्यकर्मी परिचालन गरी ९० महिला र ६० पुरुष गरी १ सय ५० जनाको अक्सिजन लेभल चेक गरेको थियो। यस्तै ६० महिला र ४० पुरुष गरी १ सय जनाको रक्तचाप परिक्षण गरिएको छ।

धेरै पर्यटकहरुमा टाउको दुख्ने, वाकवाकी लाग्ने तथा श्वासप्रश्वासमा समस्या देखिएको थियो। उनीहरुको समस्या पहिचान गरी सामान्य प्राथमिक उपचार समेत गरिएको थियो।





यसैगरी प्रसिद्ध धार्मिक स्थलमा पाथीभरा देवीको मन्दिर दर्शन गर्न आउने भक्तजनहरुको स्वास्थ्यलाई मध्यनजर गरी ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका-११ बल्लुडाँडामा हेल्थ डेक्स सञ्चालन गरिएको छ।

नं. १ गुल्म ताप्लेजुङ र पाथीभरा क्षेत्र विकास समिति ताप्लेजुङको सहकार्यमा सुरक्षा बेस काफ्लेपाटीबाट तालिम प्राप्त कर्मचारीहरुद्वारा स्थायी रुपमा सेवा प्रवाह गर्ने गरी "दर्शनार्थी स्वास्थ्य सहायता कक्ष (HEALTH DESK) को स्थापना गरिएको हो।

